नगरकार्यपालिका बैठक नं. १९३, मिति २०८३।०३।०८ गते सोमबार थारु संवत २६४९

प्रस्तावहरु

१. अघिल्लो कार्यपालिका बैठकका निर्णय समिक्षा सम्बन्धमा।

२. आगामी आ.व.२०८३/८४को योजना, बजेट तथा कार्यक्रम सम्बन्धमा।

३. आर्थिक विधेयक विनियोजन विधेयक सम्बन्धमा।

४. का.बा. अध्यक्षको जिम्मेवारी दिने सम्बन्धमा।

५. भुक्तानी दिने सम्बन्धमा

६. म्याद थप सम्बन्धमा।

७. कर्मचारी संगठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिवेदन पुनरावलोकन सम्बन्धमा।

८. संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत सम्बन्धमा। (निजि जग्गाबाट ढुङ्गा माटो उठाउन)

९. भगिनी सम्बन्धमा स्थापना गर्ने सम्बन्धमा।

१०. विविध

रामबहादुर हमाल
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

निर्णय नं. १

यस अघि बसेको नगरकार्यपालिकाको बैठकको निर्णय कार्यान्वयन सम्बन्धमा समिक्षा गरियो।

निर्णय नं. २

घोराही उपमहानगरपालिकाको आगामी आ.व. २०८३/८४को योजना बजेट तथा कार्यक्रम सम्बन्धमा छलफल गरियो । प्रस्तावित योजना बजेट तथा कार्यक्रम नगरसभाको १९औ अधिवेशनको तेस्रो बैठकमा पेश गर्ने गरी स्वीकृत गरियो।

निर्णय नं. ३

घोराही उपमहानगरपालिकाको विनियोजन विधेयक, २०८३ र आर्थिक विधेयक, २०८३ नगरसभाको १९औं अधिवेशनको तेस्रो बैठकमा पेश गर्ने गरी स्वीकृत गरियो।

निर्णय नं. ४

घोराही उपमहानगरपिका वडा नं. २ का वडा अध्यक्ष अस्वस्थ भई लामो समय उपचारत रहनु भएकोले उहाँको स्वास्थ्य लाभको कामना गर्दै वडाको दैनिक कामकाजकालाई वडा सदस्य टोप बहादुर डाँगीलाई का.बा. अध्यक्षको जिम्मवारी दिने त्यसै गरी वडा नं. ४ वडा अध्यक्ष मधुसुदन घिमिरे निर्वाचन आयोगबाट पदमुक्त भई रिक्त रहेकोले वडा सदस्य भीम बहादुर कवरलाई का.बा. अध्यक्षको जिम्मेवारी दिने निर्णय गरियो।

निर्णय नं. ५

ठेक्का नं. NCB/WORKS/GSMC/20/077/078, १५ शैया आधारभूत अस्पताल भवन निर्माणको एघारौ विल भुक्तानीका लागि आयोजनाको स्थलगत निरीक्षणबाट प्राप्त मूल्याङ्कन र राजेन्द्र निर्माण सेवा (बराह डेभलपर्स प्रा.लि.)बाट पेश हुन आएका विल, ल्याब परीक्षण रिपार्ट तथा भरपाई अनुसार जम्मा रकम रु.९३,४४,७१६।७७ मध्येबाट ट्याक्स, रिटेन्सन मोनी र पेश्की कट्टी गरी बाँकी रकम रु.८७,९८,९१९।१६ (अक्षरेपी सतासी लाख अन्ठानब्बे हजार नौ सय उन्नाइस र पैसा सोह्र)मात्र राजेन्द्र निर्माण सेवा (बराह डेभलपर्स प्रा.लि.) लाई पूर्वाधार विकास महाशाखाबाट पेश भए अनुसार भुक्तानी दिने निर्णय गरीयो।

निर्णय नं. ६

घोराही उपमहानगरपालिकाको स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत तपसिल बमोजिमका ठेक्का सम्झौताको तोकिएको मितिमा काम सम्पन्न नभएकोले ती ठेक्काहरुको म्याद थपका लागि आवश्यक कागजात सहित निवेदन प्राप्त भएकोले सार्वजनिक खरिद (बाह्रौ संशोधन) नियमावली २०७९को नियम १२०क बमोजिम म्याद थपका लागि पूर्वाधार विकास महाशाखाबाट पेश भएका तपसिल बमोजिमका ठेक्काको म्याद थप गर्ने।

तपसिल

| सि. नं. | ठेक्का नं. | योजनाको नाम | निर्माण व्यवसायीको नाम | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | म्याद थप भएको मिति |
|---|---|---|---|---|---|---|
| १ | NCB/WORKS/ GSMC/06/081/082 | वडा नं. ५ रज्जेमन्नामी सडक विस्तार | टि.के. इन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन सप्लायर्स प्रा.लि. कोहलपुर ५ बाँके | २०८१।११। २५ | २०८२।०३।२५ | २०८३।०३।३० (दोस्रो पटक म्याद थप) |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | NCB/WORKS/ GSMC/03/081/082 | वडा नं. ५ रामघाट रामबहादुर नेपालीको घरदेखि खडग बि.केको घरसम्म बाटो स्तरउनन्ती वडा नं. १० नारायणपुर थारुगाउँ टोल न्यूरोड टोल जलौरा टोलदेखि बुधौरा जाने अधुरो सडक कालोपत्रे गर्ने काम वडा नं. १३ आँखा अस्पताल जाने बाटोदेखि १३ नं. वडा कार्यालयसम्म सडक स्तरउनन्ती वडा नं. १३ कमॅान सिंह भारतीको घरदेखि डबरडिंगा पिच जोडने तेस्रो बाटो स्तरउनन्ती लम्मीडाँडा टोल गजबहादुर बुढाको घरदेखि दक्षिणतर्फ नाला निर्माण वडा नं. १६ सानी अम्बापुर टोल कविला रिसोर्ट जाने अधुरो पिच लेटार खल्यानदेखि अग्रवा डाँडा जाने बाटो पिच वडा नं. १६ डण्डविर वलीको घरहुँदै लरैना चोकसम्म सडक स्तरउनन्ती वडा नं. १७ के.सी. किराना पसलदेखि ज्ञानेन्द्रको घरसम्म सडक स्तरउन्नती वडा नं. १७ ढिकपुर खेलमैदानको पूर्वतिर रहेको अधुरो पिच निर्माण | वि.के. शैलुङश्वरी जे.भि. रामेछाप | २०८१।१२।०६ | २०८२।०३।२५ | २०८३।०३।२० (दोस्रो पटक म्याद थप) |
| ३ | NCB/WORKS/ GSMC/29/081/082 | शुभ प्रभात माध्यमिक विद्यालय नयाँबजार माध्यमिक विद्यालय ढिकपुर जनता माध्यामिक विद्यालय नयाँगाउँ बुका | श्री प्रेमधन/शुरज जे.भी. तुलसीपुर ६ | २०८२।०३।०४ | २०८३।०२।३० | २०८३।११।३० |
| ४ | | मुल खोला ट्रस पुल निर्माण | उपभोक्ता समितको नामः मुलखोला ट्रस पुल निर्माण उपभोक्ता समिति | २०८१।०२।३० | २०८२।०२।३० | २०८३।०३।१८ |

रामबहादुर [illegible]
प्रमुख प्रशासकीय अधिकृत

नरलाल चौधरी
नगर प्रमुख

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | | पाडे ज्यामिरे ट्रस पुल निर्माण | उपभोक्ता समितको नामः पाडे ज्यामिरे ट्रस पुल निर्माण उपभोक्ता समिति | २०८१।०२।०४ | २०८२।०२।०४ | २०८३।०३।१८ |
| ६ | NCB/WORKS/GSMC/05/081/082 | भैसाही बर्गदी सडक उखुबारीदेखि क्वाडी जाने सडक, कृष्ण टोल सडक, ओखरा वेलभार सडक, मघै सडक, ल्याण्डफिल्ड साइड जाने सडक, गोरखनाथ टोल सडक, गौतम बुद्ध टोल उन्नतीनगर टोल सडक, वि.पि. चोकदेखि दक्षिण सडक, मालपोत पछाडीको सडक, सुशिला पाण्डेको घरदेखि पूर्वतर्फको सडक, मधुवन टोल सडक, लालीगुराँस टोल सडक, नवजलजला टोल सडक, बसपार्कदेखि मंलेरी सडक, भ्युडर टोल सडक, झारवैरा चोक दक्षिण सडक, खानेपानी जाने बाटो, जलौरा चोक दक्षिण सडक, बुकाली डाँडाँदेखि पोखरासम्मको सडक, सर्रा सौडियार सडकदेखि कनरिया सडक पिच मर्मत। | प्रिज्मा एण्ड प्रासि कन्स्ट्रक्सन प्रा.लि. काठमाण्डौ ३२ | २०८१।११।२१ | २०८२।०३।३० | २०८३।०३।२५ |

रामबहादुर [illegible]
प्रमुख प्रशासकीय अधिकृत

नरलाल चौधरी
नगर प्रमुख

रामबहादुर ...
प्रमुख प्रशासकीय अधिकृत

नरलाल चौधरी
नगर प्रमुख

निर्णय नं. ७

घोराही उपमहानगरपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिवेदन (संशोधन सहित २०८१) देहाय बमोजिम हुने गरी पुनरावलोकन गरी अनुमोदनका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो।

१. जनस्वास्थ्य प्रबर्द्धन शाखामा आयुर्वेद समूहको सातौ/छैटौ तहमा १ जना थप गर्ने।

२. संस्थागत परिवार नियोजन क्लिनिक घोराही १४ लाई संरचनामा समावेश गर्ने र नर्सिङ समूहको सातौ तहको १ जना, नर्सिङ समूहको छैठौं तहमा १ जना, हे.ई. समूहको छैठौ तहमा १ जना र नर्सिङ समूहको पाँचौ तैहमा १ जनाको दरबन्दी कायम गर्ने।

३. नागरिक आरोग्य केन्द्रलाई संगठन संरचनामा समावेश गरी आयुर्वेद समूहको छैठौ तहको १ जना र नर्सिङ समूह पाँचौ तहको १ जना दरबन्दी कायम गर्ने।

४. सैघा स्वास्थ्य चौकी, शहरी स्वास्थ्य प्रबर्द्धन केन्द्र, नारायणपुर र रामपुरमा ल्याव असिस्टेन्ट १/१ जनाको दरबन्दी कायम गर्ने।

५. जिल्ला प्रशासन कार्यालय दाङमा रहेको सुरक्षित आप्रवासन कार्यक्रमको सूचना तथा परामर्श केन्द्रमा सूचना तथा परामर्शकर्ता २ जना दरबन्दी कायम गर्ने।

निर्णय नं. ८

८.१ वडा नं. ११ बसन्ता सिजवालको साविक नारायणपुर २ क कि.नं. ६५९ रहेको क्षेत्रफल ६६७।१७ वर्गमिटर जग्गा सम्याउने प्रयोजनका लागि घोराही उपमहानगरपालिकाको भूमि व्यवस्थापन कार्यविधि २०८१ अनुसार तयार गरिएको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने।

८.२ वडा नं. १८ पञ्चराम नेपालीको साविक घोराही ६ (क) कि.नं. ४८९ क्षेत्रफल ०-१-० (वि.क.धु.) जग्गा सम्याउने प्रयोजन लागि घोराही उपमहानगरपालिकाको भूमि व्यवस्थापन कार्यविधि २०८१ अनुसार तयार गरिएको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने।

निर्णय नं. ९

विपद जोखिम न्यूनिकरण तथा वातावरण संरक्षणका लागि तुलसीपुर उपमहानगरपालिकासँग भगिनी सम्बन्ध स्थापना गर्न आवश्यक समन्वय गर्न वातावरण तथा विपद व्यवस्थापन शाखालाई जिम्मेवारी दिने।

रामबहादुर ...
प्रमुख प्रशासकीय अधिकृत

नरलाल चौधरी
नगर प्रमुख

रामबहादुर ...
प्रमुख प्रशासकीय ...

नगर प्रमुख

निर्णय नं. १०

१०.१ घोराही उपमहानगरपालिका वडा नं. ३ को कार्यालय प.सं. २०८२/८३ च.नं. २०६४को सिफारिस पत्र अनुसार तहाँ वडा कार्यालयको का.स. पदको रिक्त दरबन्दीमा मिति २०८२ श्रावणदेखि दैनिक ज्लालादारीमा कार्यरत खुमा कुमारी कुमालले २०८२ पौस महिनासम्मको पारिश्रमिक वडा कार्यालयबाट भुक्तान भएको र बजेट अभावको कारण २०८२ माघदेखिको पारिश्रमिक भुक्तान हुन नसकेकोले भुक्तान हुन बाँकी पारिश्रमिक भुक्तानको लागि अनुरोध भई आएकोले २०८२ माघ महिनादेखि हालसम्मको पारिश्रमिक भुक्तानी दिन आर्थिक प्रशासन शाखालाई अनुमती दिने निर्णय गरियो।

१०.२ घोराही उपमहानगरपालिका अन्तरगतका वडा एरियाहरुमा विभिन्न मितिमा जडान भएका सिसि क्यामराहरु मर्मतका लागि सहयोग गरिदिनुहुन भनि लागत अनुमान सहित जिल्ला प्रहरी कार्यालयको च.नं. ३६९२, मिति २०८३।०२।२६ गतेको पत्रबाट अनुरोध भई आएकोले माग भए बमोजिम सि.सि. क्यामरा मर्मतका लागि जिल्ला प्रहरी कार्यालय घोराही दाङबाट प्राप्त लागत अनुमान रकम रु.२,३५०००।— मा नबढने गरी घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शिर्षकबाट खर्च हुनेगरी मर्मतको भुक्तानी दिने।

१०.३ १८ नं. वडा कार्यालय भवन मर्मतका लागि चालु आ.व.मा रु ८ लाख विनियोजन भएको र त्यसै अनुरुप उपभोक्ता समिति गठन गरि कार्यालयको मर्मत संभार गर्नुपर्ने भएकोले उपभोक्ता समितिबाट लागत सहभागिता वापतको रकम उठाउन नसकिने अवस्था रहेको भनि वडा कार्यालयको च.नं. ३६६१, मिति २०८३।०३।०३ गतेको पत्रबाट लागत सहभागिता छुटका लागि अनुरोध भई आएकोले कार्यालय भवन मर्मतका लागि उपभोक्ता समितिबाट बुझाउनुपर्ने लागत सहभागिता रकम छुट दिने निर्णय गरियो।

१०.४ घोराही उपमहानगरपालिका वडा नं. २ बस्ने महेश चौधरीको कम्मरनेरको मेरुदण्ड भाच्चिएकोले उपचारको लागि आर्थिक सहयोग गरिदिनुहुन भनि वडा कार्यालयको च.नं. २२३९, मिति २०८३।०२।२९ गतेको पत्रबाट सिफारिससाथ अनुरोध भई आएकोले उहाँलाई उपचारमा भएको खर्चको विल अनुसार अधिकतम रकम रु.१०,०००।—सम्म घोराही उपमहानगरपालिको अन्य संस्था सहायता शीर्षकबाट सहयोग उपलब्ध गराउने।

११.४ घोराही उपमहानगरपालिका वडा नं. २ बस्ने अनिल नेपालको छोरा अन्जन नेपालीको दाया खुट्टामा हड्डीको मासु गली इन्फेक्सन भई खुट्टाको अपरेसन गर्नुपर्ने भएकोले उपचारको लागि आर्थिक सहयोग गरिदिनुहुन भनि वडा कार्यालयको च.नं. २२९८, मिति २०८३।०३।०४ गतेको पत्रबाट सिफारिससाथ अनुरोध भई आएकोले उहाँलाई उपचारमा भएको खर्चको विल अनुसार अधिकतम रकम रु.१०,०००।— सम्म घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट सहयोग उपलब्ध गराउने।

रामबहादुर ...
प्रमुख प्रशासकीय ...

नगर प्रमुख

रामबहादुर ... नरुलाल चौधरी
प्रमुख प्रशासकीय अधिकृत नगर प्रमुख

१०.६ घोराही उपमहानगरपालिका वडा नं. १८ स्थित प्रगति टोलमा निर्माण भईरहेको कल्भर्ट संचालनका लागि माटो भर्नुपर्ने भएको र बजेट अभावका कारण सो कार्य अधुरो भई कल्भर्ट संचालन हुन नसक्ने अवस्था रहेकोले माटो भर्नका लागि आवश्यक प्राविधिक लागत इष्टिमेट रकम रु. ९१,४५३।- कन्टेन्जेन्सी शिर्षकबाट खर्च भुक्तान हुने गरी माटो फिलिङ गरी योजना सम्पन्न गर्ने।

१०.७ नेपाल मगर संघ घोराही उपमहानगर कार्यसमिति दाङलाई भुमे नाथ सम्बन्धी कार्यक्रम संचालन गर्न घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट खर्च हुनेगरी कार्यक्रममा भएको खर्चको विल अनुसार अधिकतम रकम रु.१०,०००।-सम्म आर्थिक सहायता उपलब्ध गराउने।

१०.८ नेपाल मगर संघ जिल्ला समन्वय समिति दाङले भुमे पर्वको अवसरमा १ दिने भुम्या महोत्सव कार्यक्रम संचालनलागि आर्थिक सहयोग माग भई आएकोले नेपाल मगर संघ जिल्ला समन्वय समिति दाङलाई कार्यक्रममा भएको खर्च विल अनुसार अधिकतम रु.१०,०००।-सम्म घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट सहयोग उपलब्ध गराउने।

१०.९ चालु आ.व. २०८२/८३ मा स्वीकृत वार्षिक योजना तथा कार्यक्रम अन्तर्गत सि.नं. २८८६ वडा नं. १९ गलेना बयालोकोट, पाखापानी, घिउर, डाफल, सराली खोला खानेपानी विस्तार योजना कार्यान्वयनको लागि उपभोक्ता समिति गठन भई रु. १० लाखको १० प्रतिशतले हुन आउने लागत सहभागिता बापतको रकम रु.१,००,०००।घोराही उपमहानगरपालिकाको राजश्व शाखामा जम्मा गरिएकोमा पछि उक्त आयोजना ठेक्का टेण्डरबाट कार्यान्वयनमा जाने भएकोले उक्त आयोजना कार्यान्वयनका लागि उपभोक्ता समितिबाट जम्मा गरिएको लागत सहभागिता बापतको रकम रु.१,००,०००।—(एक लाख) —(रसिद नं. ५९३७४, मिति २०८२।१२।०९) राजश्व व्यवस्थापन शाखाबाट बुझाएको रकम एकिन गरी घोराही उपमहानगरपालिकाको अन्य फिर्ता शीर्षकबाट फिर्ता दिने।

१०.१० कर्मचारी मिलन केन्द्र घोराही दाङले प्रकाशन गरेको भित्तेपात्रे खरिद गरेवापतको विल अनुसार अधिकतम रकम रु.६,०००।— घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट भुक्तानी दिने।

१०.११ घरपालुवा कुकुरहरु सुचिकरण गर्न आवश्यक प्रक्रिया अगाडी बढाउन पशुसेवा शाखालाई निर्देशन दिने। र अव्यवस्थित रुपमा छाडा कुकरहरुको बन्ध्याकरण कार्यक्रम संचालन गर्न समेत पशुसेवा शाखालाई निर्देशन दिने।

१०.१२ घोराही उपमहानगरपालिका वडा नं. ११ स्थित श्री बालकल्याण माध्यामिक विद्यालय खैराको पुरानो जिर्ण रहेको भवन भत्काउन अनुमती दिने साथै भत्काउने कार्यका लागि आवश्यक जेसिबि इन्धन सहित उपमहानगरपालिकाबाट उपलब्ध गराउने।

१०.१३ घोराही उपमहानगरपालिका वडा नं. १७ पचुर्खा निवासी सुनिता चौधरीले आफु अपाङ्गता भएको र विगत केही समयदेखि स्पाइनल इन्जरी संघ नेपालबाट सिलाइ कटाइ सम्बन्धी तालिम प्राप्त गरी हाते सिलाई मेसिनबाट व्यवसाय संचालन गर्दै आएकोमा थप व्यवसाय प्रबर्द्धनका लागि विद्युतीय सिलाई मेसिन सहयोग स्वरुप उपलब्ध गराइदिनुहुन भनि वडा कार्यालयको च.नं. ४४३०, मिति २०८३।०३।०९ गतेको सिफारिस पत्रसाथ अनुरोध गर्नुभएकोले उहाँलाई सहयोग माग गर्नु भए बमोजिम १(एक) थान विद्युतीय सिलाई मेसिन आन्तरिक व्यवस्थापन शाखाबाट खरिद गरी उपलब्ध गराउने।



रामबहादुर ... नगर प्रमुख

रामबहादुर ... 
प्रमुख प्रशासकीय अधिकृत

नरलाल चौधरी
नगर प्रमुख

१०.१४ घोराही उपमहानगरपालिका वडा नं. १७ स्थित आरोग्य ड्याम मर्मतका लागि आ.व. २०८०/८१मा रु.३ लाख बजेट बिनियोजन भएको उक्त योजना कार्यान्वयनको लागि उपभोक्ता समिति गठन भई लागत सहभागिता रकम रु.३० हजार जम्मा समेत गरिसकेको अवस्थामा ड्याममा पानीको सतह नघटेका कारण ड्यामको मर्मत कार्य हुन नसकेको हुँदा उपभोक्ता समितिबाट (मिति २०८१।१२।२९ गते — रसिद नं. ५१६५६) वडा कार्यालयमा बुझाएको लागत सहभागिता बापत को रकम रु.३०,०००। फिर्ता गरिदिनुहुन भनि वडा कार्यालयको च.नं. ५१५०, मिति २०८२।०३।३० गते सिफारिस पत्रसाथ अनुरोध भई आएकोले उपभोक्ता समितिलाई जम्मा गरेको लागत सहभागिता वापतको रकम राजश्व व्यवस्थापन शाखाबाट एकिन गरी घोराही उपमहानगरपालिकाको अन्य फिर्ता शिर्षकबाट फिर्ता दिने।

१०.१५ जेसिआइ त्रिभुवननगरले मिति २०८३ बैशाख १७ गतेदेखि २० गतेसम्म त्रिभुवननगर जेसीजको आतिथ्यतामा JCI Nepal Business Academy 2026 संचालनका लागि आर्थिक सहयोग माग भई आएकोले कार्यक्रममा भएको खर्चको विल अनुसार अधिकतम रकम रु.४०,०००।-सम्म घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट सहयोग उपलब्ध गराउने।

१०.१६ चालु आर्थिक वर्षको अन्त्यमा भुक्तानी सम्बन्धी कार्यहरूको अत्यधिक चाप रहने र सफ्टवेयर समेत सुस्त हुने भएकाले आर्थिक प्रशासन शाखामा कार्यरत कर्मचारीहरूले कार्यालय समयभन्दा अगाडि र पछाडि समेत अतिरिक्त समय खटिएर कार्य सम्पादन गर्नुपर्ने बाध्यात्मक अवस्थामा कर्मचारीहरूको मनोबल उच्च राख्नका लागि कर्मचारीहरूलाई अतिरिक्त समयको हाजिरीको आधारमा मिति २०८३ असार ८ गतेदेखि २५ गतेसम्म दैनिक रु.१,०००/- का दरले अतिरिक्त समय प्रोत्साहन भत्ता उपलब्ध गराउने।

रामबहादुर ...
प्रमुख प्रशासकीय अधिकृत

नरलाल चौधरी
नगर प्रमुख